का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ साउन २०७९,
बुधबार
3 August 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १७९ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



थारुहरुको पहिलो पर्व गुरहीको अवसरमा कैलाली घोडाघोडी-१ सुखड बजारमा घोडाघोडी नगर स्तरीय भलमन्सा समितिले आयोजना गरेको गुरही बिसाउने कार्यक्रमका सहभागी ।

तस्वीरः प्रकाश मिश्र/मध्यान्ह

# थप असुरक्षित बन्दै सहकारी

## जोखिममा अर्बौं बचत

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ साउन ।

पछिल्लो समय उपत्यकाका सहकारी तथा बचत लिमिटेडहरु झनै असुरक्षित हुन थालेका छन् । एकपछि अर्को गर्दै सञ्चालकहरु फरार हुन थालेपछि बचतकर्ताहरुले थप असुरक्षित महशुस गरेका हुन् । ललितपुरको देउराली बहुउद्देश्यीय सहकारी संस्था, क्षेत्रपाटीको क्यापिटल बचत तथा ऋण सहकारी संस्थाले सदस्यको बचत फिर्ता नदिएको चर्चा चलिरहँदा काठमाडौंको कुलेश्वरमा रहेको गौतमश्री बहुउद्देश्यीय सहकारीका सञ्चालक पनि सम्पर्क विहिन बनेका हुन् ।

करिब २५ हजार सदस्यको ७ अर्ब बढी रकम रहेको उक्त गौतमश्री सहकारीले कार्यालय रहेको भवनमा अन्य व्यवसायमा बैंकको कारोबार रहेको र बैंकले लगानी गरेको ठाउँमा रहेको स्टक सामानमा जोखिम देखेपछि बैंकले सिल गरेको थियो । तत्पश्चात् बचतकर्ताहरु बचत फिर्ता नपाएको भन्दै सहकारी विभागमा समेत पुगेका थिए । 'हामीले थोरै थोरै पैसा खाईनखाई बचत गरेका छौं, तर अहिले सञ्चालक नै भाग्ने अवस्था आयो, हामीले हाम्रो पैसा जसरी नि पाउनुपर्छ,' सहकारी पीडित उर्मिला महर्जनले भनिन् । उनले ठगी गर्ने सहकारीविरुद्ध सरकारले कडा कारवाही गर्नुपर्ने माग समेत राखेकी छिन् ।

'जसले सहकारी सिद्धान्तको पालना गरेका छैनन्, तिनीहरूमा समस्या देखिएको छ, ती सहकारीहरूमा सहकारीपन ल्याउने प्रयासका लागि जनशक्ति प्रशिक्षित गर्ने र विगतमा सहकारी क्षेत्रमा देखिएका कमीकमजोरी हटाउँदै सबै सहकारीहरूमा सहकारी मूल्यमान्यता कायम गर्नेतर्फ हामी केन्द्रित हुनुपर्ने देखिन्छ, अन्यथा सहकारी डुब्ने र सञ्चालक भाग्ने क्रम दोहोरिइरहन्छ' सहकारी विज्ञ केशवप्रसाद रेग्मीले बताए । उनले सहकारी सुधारका लागि कडा नियमनको आवश्यकता रहेको पनि बताएका छन् ।

सहकारी विभागमा परेको उजुरीमध्ये एउटै परिवारको ७ करोड र एउटै व्यक्तिको २ करोड रुपैयाँसम्म बचत रहेको पाइएको छ । त्यस्तै, पूर्वसांसद समेत रहेका इच्छाराज तामाङ् पनि सिभिल सहकारीमा ठगीको आरोपमा पक्राउ परेका थिए । आकर्षक ब्याजको प्रलोभनमा सहकारीमा पैसा जम्मा गर्न लगाई सहकारीको नियम विपरीत कर्जा आफ्नै कम्पनीको नाममा प्रवाह गर्नथालेपछि उनीमाथि ठगीको आरोप लागेको थियो ।

उनले ती कम्पनीबाट भएको आम्दानी लुकाएर सहकारीको कर्जा नतिरेपछि संस्था समस्यामा परेको थियो । सहकारी संस्था समस्याग्रस्त हुने क्रम बढेपनि यसलाई व्यवस्थापन गर्नका लागि गठितसमितिले भने बेवास्ता गर्दा बचतकर्ताहरु थप असुरक्षित हुन पुगेका हुन् । यसको नियन्त्रणका लागि सरकारले कडा नीति र नियमन गर्नुपर्ने विज्ञहरुको जोड छ ।

**विप्लवविरुद्धको पक्राउ पुर्जी**

# एमाले–माओवादी एकैठाउँ

मूलधारको राजनीतिमा आउनुअघिको सशस्त्रभूमिगत बेलामा परेको रिटका आधारमा अदालतले उपस्थितहुनबोलाउने र अनुपस्थित रहे पक्राउ गरिने भन्नु तत्कालिन सरकारसँग भएको सम्झौताविपरित हुनजाने एमाले र माओवादी नेताहरुको साझाबुझाई रहेको पाइन्छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १७ साउन ।

मंगलबार प्रतिनिधिसभामा प्रमुख विपक्षी नेकपा एमाले र सत्तारुढ नेकपामा ओवादी केन्द्रका सांसदहरुले एउटा विषयमा एकै स्वर प्रकट गरे । दुबै पार्टीका सांसदहरु नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव र विप्लव नेतृत्वको पार्टीका नेता/ कार्यकर्ताहरुमाथि लागेका/ लगाइएका मुद्दा फिर्ता हुनुपर्ने विषयमा एक भएर प्रस्तुत भएका हुन ।

ललितपुर जिल्ला अदालतले हात हतियार तथा खरखजना मुद्दामा विप्लव लगायतका नेताहरु विरुद्ध ३५ दिने वारेण्ट जारी गरेको छ । तर, मूलधारको राजनीतिमा आउनुअघिको सशस्त्र भूमिगत बेलामा परेको रिटका आधारमा अदालतले उपस्थित हुन बोलाउने र अनुपस्थित रहे पक्राउ गरिने भन्नु तत्कालिन सरकारसँग भएको सम्झौता विपरित हुनजाने एमाले र माओवादी नेताहरुको साझा बुझाई रहेको पाइन्छ ।

शसस्त्र आन्दोलनमा रहेको विप्लव नेतृत्वको पार्टी २०७७फागुन २० गते तत्कालीन केपीओली नेतृत्वको सरकारसँग तीनबुँदे सहमति गरेर शान्तिपूर्ण राजधानीमा आएको थियो । ३ बुँदे सहमति विपरित विप्लवलगायतका नेताहरुविरुद्ध वारेण्ट जारी भएको भन्दै प्रतिनिधिसभामा एमाले र माओवादीका सांसदरुले एकै स्वरमा सरकारको ध्यानाकर्षण गरेका हुन् ।



**यो कदम (विप्लवको कारबाहीका लागि फेरि वारेन्ट जारी) बाट पछि हट्नुपर्छ ।**

**विशाल भट्टराई**
प्रमुख सचेतक, नेकपा एमाले



**नेकपाविप्लव समूहसँग सरकारले तीनबुँदे सहमति गरेको छ । त्यसको कार्यान्वयनको सट्टा अहिले पनि धरपडक, वारेन्ट जारी भइरहेको छ । सरकारले पहलकदमी लिनुपर्छ, जेलमा रहेकाबन्दी रिहाइ गरिनुपर्छ ।**

**अमनलाल मोदी**
सांसद, माओवादी केन्द्र

प्रतिनिधिसभाको विशेष समयमा बोल्दै नेकपाएमाले प्रमुख सचेतक विशाल भट्टराईले नेकपाका महासचिव विलप्वविरुद्ध जारी भएको वारेन्टप्रति आपत्ति मात्रै जनाएनन्, सरकारलाई विप्लवविरुद्धको वारेण्ट फिर्ता लिनआग्रह गरे । उनी सरकारलाई प्रश्न गर्छन, 'विप्लवको कारबाहीका लागि फेरि वारेन्टको प्रश्न आएको छ । तत्कालीन सरकारले तीनबुँदे सहमति गरेको थियो । उक्त सहमतिप छि जनतामा पनिखुसी छाएको थियो । अहिले उक्त सहमतिवाकामलाई अघि बढाउनु पर्नेमा विभिन्नबहानामाविप्लवलाई त्यही बाटोमा जान उद्धत बनाउनखोजेको हो ?' उनले यो कदम (विप्लवको कारबाहीकालागि फेरि वारेन्ट जारी) बाट पछि हट्न सरकारसँग माग गरे ।

माओवादी केन्द्रकी सांसद यशोदा सुवेदी गुरुङले पनि भट्टराईकै शैलीमाप्रश्न गरिन्, 'शान्तिपूर्ण राजनीतिमा आउनुअघि तत्कालिन सरकारले गरेको ३ बुँदे सम्झौताखारेज भएको हो ?'

विप्लवविरुद्ध वारेण्ट जारी भएको प्रतिमाओवादीकाअर्का सांसद अमनलाल मोदीले पनिआपत्तिजनाए । 'नेकपाविप्लव समूहसँग सरकारले तीनबुँदे सहमति गरेको छ । त्यसको कार्यान्वयनको सट्टा अहिले पनि धरपडक, वारेन्ट जारी भइरहेको छ । हुन त यो अदालतको कुरा हो । तर, सरकारसँग वार्ता गरिसकेपछि सरकारले पहलकदमी लिनुपर्छ । जेलमा रहेका बन्दी रिहाइ गरिनुपर्छ', उनले भने ।

# मलेसियाको 'एफडब्लूसीएमएस' प्रणालीमा छिट्टै सुधार हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ साउन

मलेसियाले कामदारहरू भित्र्याउन विदेशी कामदार केन्द्रित व्यवस्थापन प्रणाली (एफडब्लूसीएमएस)का कमजोरी तत्कालै सुधार गर्ने बताएको छ । आफ्नो मुलुकमा प्रवेश गर्नु अघिदेखि विदेशी कामदारको निगरानी गर्न सक्षम हुने गरी उक्त प्रणालीलाई विकसित गर्ने काम भइरहेको भन्दै वृक्षारोपण, उद्योग र कमोडिटी मन्त्री जुरैदा कमरुद्दीनले हाल भइरहेको ढिलाइ नयाँ भर्ती प्रणालीको कारण भएको बताइन् ।

मन्त्री जुरैदाले विदेशी कामदार केन्द्रित व्यवस्थापन प्रणालीले 'थोरै ढिलाइ' गरेको भन्दै उक्त प्रणाली व्यवस्थित प्रणाली भएपछि अगस्ट महिनाभित्रमा कामदार आपूर्तिको चाप सहज हुने बताइन् । मन्त्री जुरैदाले प्रणाली लागू भए मलेसिया प्रवेश गर्ने विदेशी कामदारहरूले काम परिवर्तन गर्न नसक्ने र उनीहरूलाई प्रणालीमार्फत ट्र्याक गर्ने जानकारी दिइन् ।

एफडब्लूसीएमएस नेपालसहित सबै स्रोत देशहरूबाट कामदारहरूको भर्ती प्रक्रियाको लागि अनलाइनमार्फत नियन्त्रण गर्ने एकीकृत प्रणाली हो । यसले मलेसियामा विदेशी कामदार हरूको भर्ती, व्यवस्थापन र अनुगमनको प्रक्रियामा विभिन्न सरोकारवालाहरूलाई जोड्दै आएको छ । उक्त प्रणाली सुस्त हुँदा नेपालीको भिसा प्रक्रियामा ढिलाइ भएको छ ।

पछिल्लो पटक बंगलादेशका २५ वटा म्यानपावर कम्पनीलाई एजेन्टको रूपमा छनोट गर्ने प्रक्रियाको अनियमितता गरेको आरोपमा हाल मलेसियाली भ्रष्टाचार विरोधी आयोग (एमएसीसी)ले एफडब्लूसीएमएस माथि छानविन गरिरहेको छ । मानव संशाधन मन्त्री एम सरावननले अनुसन्धानका कारण आवेदनहरू प्रशोधनमा थोरै ढिलाइ हुन सक्ने बताएका थिए । परिणाम स्वरुप त्यस्तै सुस्त भएको गुनासो बढेको मलेसियाका स्थानीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् ।

**वैदेशिक रोजगार विशेष**

## साउदीमा ७ महिनामा १ सय ३८ नेपालीको मृत्यु

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि साउदी अरेबियामा पछिल्लो सात महिनामा १ सय ३८ नेपाली कामदारको मृत्यु भएको छ । त्यस्तै २० जनाले आत्महत्या गरेका छन् ।

नेपाली दूतावासको तथ्यांकअनुसार सन् २०२२ जनावरीदेखि जुलाई अन्तिमसम्म उनीहरूको ज्यान गएको हो । त्यसमध्ये १ सय २१ वटा शव नेपाल ल्याइएको छ ।

यसैबीच साउदीस्थित नेपाली दूतावासले नेपाली कामदार र साउदी पुगेका नेपालीलाई आफ्नो सुरक्षाका लागि सचेत रहनसमेत अपिल गरेको छ ।

**कर्मचारी समायोजनसम्बन्धी मुद्दा**

# भदौ १ को पर्खाइँ

कर्मचारी समायोजनसँग सम्बन्धित रहेर परेका ९९ सय मुद्दालाई एकै ठाउँ राखेर सुनुवाई गरेको सर्वोच्च अदालतले आगामी भदौ १ गते फैसला गर्ने भएको छ । फैसलापछि कर्मचारी समायोजन सम्बन्धी विवाद समाप्त हुनेछ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ साउन ।

कर्मचारी समायोजनसँग सम्बन्धित रहेर सर्वोच्च अदालतमा परेका मुद्दाहरु टुंगिने दिशामा अगाडि बढेको छ । सर्वोच्च अदालत प्रशासनका अनुसार ९९ सय मुद्दा परेका थिए । सबैलाई एकै ठाउँ राखेर सुनुवाई गरेको सर्वोच्च अदालतले आगामी भदौ १ गते फैसला गर्ने भएको छ । फैसलापछि कर्मचारी समायोजन सम्बन्धी विवाद समाप्त हुनेछ ।

मुलुक संघयितामा गएपछि पूर्ववर्ती सरकारले कर्मचारीहरुलाई रोज्न लगाएर संघ, प्रदेश र स्थानीय तहमा प्राथमिकताको आधारमा समायोजन गरेको थियो । तर समायोजन गर्दा सरकारले अन्याय गरेको भन्दै यस विषयमा पटकपटक सर्वोच्च अदालतमा ९९ वटा रिट दर्ता भएका थिए ।

कर्मचारी समायोजनको विषय प्रशासनिक मात्रै नभएर संवैधानिक व्याख्या पनि आवश्यक रहेको रिट निवेदकहरुको जिकिर छ । यही तर्क गरेर संयुक्त इजलासबाट पूर्ण इजलास, पूर्ण इजलासबाट बृहत पूर्ण इजलास र त्यहाँबाट पनि गम्भीर संवैधानिक व्याख्याको आवश्यकता रहेको भन्दै संवैधानिक इजलासमा पठाइएको थियो ।

हेर्दाहेर्दैमा राखेर निरन्तर सुनुवाइ गरिएको यि रिटमाथिको सुनुवाइ साउन १७ गते मंगलबार सकिएपछि भदौ १ गतेका लागि फैसलाको मिति तोकिएको हो । सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेल भन्छन्, 'निवेदक र सरकारी पक्षको जवाफ सकिएपछि संवैधानिक इजलासमा रहेको उक्त मुद्दामा भदौ १ गते निसु (निर्णय सुनाउने) मिति तय गरिएको छ ।' उक्त दिन फैसला सुनाउन निसुको मिति तोकिएको हो ।

प्रवक्ता विमल पौडेलका अनुसार गत असार ७ गतेबाट कर्मचारी समायोजन सम्बन्धी सबै मुद्दालाई एकैठाउँमा राखेर संवैधानिक इजलासमा सुनुवाई गर्ने गरी पठाइएको थियो । त्यसपछि असार १५ गते पेसीमा चढे पनि सुनुवाइ हुन सकेको थिएन । असार २९ गते पेसीमा चढेपछि संवैधानिक इजलासबाट हेर्दाहेर्दैमा राखेर उक्त मुद्दाको सुनुवाइ अगाडि बढाइएकोमा मंगलबार सकिएको हो ।

# २२ लाख ५० हजार घुस रकमसहित उपसचिव पक्राउ



**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सेवाग्राहीबाट घूसबापत लिएको ६ लाख रुपैयाँसहित एक जना उपसचिवलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव प्रमोद नेपालको रहेका छन्। अख्तियारले उनको साथबाट थप १६ लाख ५० हजार रुपैयाँ समेत बरामद भएको जनाएको छ।

आयोगको टोलीले उपसचिव नेपाललाई नागपोखरीस्थित एक होटेलबाट ६ लाख रुपैयाँसहित नियन्त्रणमा लिएको थियो। उनले प्रयोग गर्ने बा १ भ ९९४६ नम्बरको सरकारी गाडी खानतलासी गर्दा स्रोत नखुलेको थप १६ लाख ५० हजार रुपैयाँ फेला परेको अख्तियारले जनाएको छ। उक्त रकम पनि उपसचिव नेपालले घूसबापत लिएको हुनसक्ने र यससम्बन्धी अनुसन्धान अगाडि बढाइएको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए।

प्याराग्लाइडिङ सेवा सञ्चालन अनुमतिका लागि एक व्यवसायीले मन्त्रालयमा निवेदन दिएका थिए। उनले त्यो निवेदनलाई अड्काएर रकमको मोलमोलाई गरेको अख्तियारको दाबी छ। त्यसपछि उनीमाथि अख्तियारको टोलीले निगरानी बढाएको थियो।

# ‘भीमदत्त पन्तका सपना पूरा हुँन बाँकी’




**काठमाडौं/मस–** अर्थमन्त्री जनार्दन शर्माले भीमदत्त पन्तले नेपाली जनताको मुक्ति र स्वतन्त्रताको सपना देखेको भन्दै त्यो अझै पूरा नभएको बताएका छन्। पन्तले समानता, भातृत्व र गरिबीको अन्त्यको सपना देखेको उनले बताए।

मंगलबार संवाद डबलीमा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) ले ‘३० औं किसान शहीद दिवस तथा ६९ औं भीमदत्त पन्त स्मृति दिवस’ को अबसरमा आयोजना गरेको कार्यक्रममा शर्माले सो कुरा बताएका हुन्।

भीमदत्तले समावेशी र समानुपातिक सहभागिताको भएपनि किसानलाई अधिकार सम्पन्न बनाउने, भूमि सुधार र सामाजिक न्यायको सपना पूरा नभएको मन्त्री शर्माले बताए। किसानको पक्षमा पन्तले उठाएका आवाज नसुनेपछि विद्रोहको विकास भएको बताउँदै उनले तत्कालिन सत्ताले विदेशी सेना प्रयोग गरेर टाउको काटेको बताए।

नेपाली राजनीतिमा गलत प्रवृतिको सुरुवात पनि भीमदत्तको हत्याबाटै भएको बताउँदै अर्थमन्त्री शर्मा भने, ‘नेपाली राजनीतिमा परिर्तनकारीको टाउको काटेर गलत प्रवृतिको सुरुवात गरियो, सत्ताले दमनकारी राजनीतिको सुरुवात गर्‍यो।’ उनले किसानको मुक्तिको आवाज उठाउने रुकुमका कामी बुढालाई पनि तत्कालिन सत्ताले त्यसरी हत्या गरेको बताए।

सोही कार्यक्रममा अर्थमन्त्री शर्माले अहिलेको बजेट उत्पादनमुखी रहेकाले सबै उत्पादनमा जोडिनुपर्ने आवश्यकता रहेको बताएका छन्। सरकारले ल्याएको बजेट कृषि उत्पादनमा केन्द्रित भएको उल्लेख गर्दै शर्माले उत्पादनको क्षेत्रमा लाग्न सबैलाई आग्रह गरे।

अर्थमन्त्री शर्माले कृषिमा आत्मनिर्भरता र औद्योगिक उत्पादनमार्फत आयात प्रतिस्थापन गर्ने बजेटले व्यवस्था गरेको बताए। उनले सरकारले किसानको घर खेतमा गएर लगानी गर्ने तथा बजेटमा किसानलाई पेन्सनको व्यवस्था समेत गरेको दाबी गरे।

मन्त्री शर्माले भूमिहीनहरुलाई जमिन दिएर, पुँजी नहुनेहरुको लागि पुँजी उपलब्ध गराएर र औजार नहुनेलाई औजार दिएर कृषिमा जोड्नुपर्ने आवश्यकता रहेको बताए। उनले कृषिमा जोडेमात्रै मुलुकको अर्थतन्त्र सवलिकरण हुनसक्ने बताए।

मन्त्री शर्माले सरकारसँग सबैकुरा भएकाले उत्पादनसँग जोडिनुपर्ने बताए। उनले नेपालले तरकारी निर्यात गर्नपर्ने ठाउँमा आयात गरेको भन्दै किसान संघहरूले उत्पादनमा जोड दिन आग्रह गरे। मन्त्री शर्माले उत्पादनलाई जोड दिएर तरकारी उत्पादन गरे नेपाल ६ महिनामा तरकारीमा आत्मनिर्भर बन्नसक्ने बताए। उनले आयात गरेर खानुपर्ने वस्तुको अन्त्य गर्न आवश्यक रहेको बताए।

नेकपा माओवादी केन्द्रका नेता तथा निर्वाचन आयोगका प्रमुख कुवेर ओली, नेकपा माओवादी केन्द्रका पोलिट्ब्यूरो सदस्य सुनील कुमार मानन्धर, महासंघका स्थायी समिति सदस्य सेसुराम भण्डारी, नायक नवल खड्कालगायतले भीमदत्त पन्तको नेतृत्वमा चलेको किसान आन्दोलनको चर्चा गरेका थिए।

कार्यक्रममा किसान महासंघको किसान सहिद परिवारलाई सम्मान गरिएको थियो। त्यस्तै, चलचित्र ‘भीमदत्त’ का निर्माता नायक नवल खड्का र स्थानीय तह निर्वाचनमा निर्वाचित महासंघका सदस्यहरुललाई अर्थमन्त्री शर्माले सम्मान गरेका थिए।

कार्यक्रमको अध्यक्षता महासंघका चित्रबहादुर श्रेष्ठको अध्यक्षता, महासंघका स्थायी समिति सदस्य नहेन्द्र खड्काको संचालनमा सम्पन्न कार्यक्रमको संचालन किसान नेता अगस्त अधिकारीले गरेका थिए।

भीमदत्त पन्तले सुदूरपश्चिममा केन्द्र बनाएर किसानको मुक्तिको लागि आन्दोलन सुरु गरेका थिए। ‘कि जोत हलो, कि छोड थलो, किसानलाई नुन दे, किसानलाई मुक्ति दे...’ जस्ता नारा बोकेर आन्दोलनको सुरुवत गरेका थिए। किसान अधिकारको लागि आवाज उठाएकै कारण २०१० साउन १७ मा सरकारले भारतबाट सुरक्षाकर्मी बोलाएर भीमदत्त पन्तको टाउको काटेर हत्या गरेको थियो।

# बाढी पहिरोको वितण्डा, पाँच जनाको मृत्यु





म्याग्दी/मस- म्याग्दीको मालिका गाउँपालिका-२ रुमको तामेङ गाउँमा पहिरोमा परेर पाँच जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३६ वर्षीय घाम बहादुर बिक, उनकी श्रीमती ३४ वर्षीया राममाया बिक, उनकै छोराहरू १८ वर्षीय नविन बिक, १४ वर्षीय राजन बिक र छोरी ७ वर्षीया अस्मी पटेल रहेका छन्।

उक्त स्थानमा पहिरो आई दुई वटा घरहरु बगाएको थियो। इलाका प्रहरी कार्यालय दरवाङबाट खटिएको प्रहरीले स्थानीय बासिन्दाको सहयोगमा खोजी गर्ने क्रममा उनीहरूको शव फेला पारेको हो।

पहिरोमा परी घाइते भएका सोही ठाउँ बस्ने ६५ वर्षीय गोठे बिक र उनकै श्रीमती ६५ वर्षीया गोरी बिकको रुम स्वास्थ्य चौकीमा उपचार भइरहेको छ। पहिरोबाट ३ वटा घर र १ वटा गोठमा पूर्ण रुपमा क्षति पुगेको छ।

पहिरोमा परेर ज्यान गुमाउनेप्रति मालिका गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बजाले दुःख व्यक्त गरे भने घाइतेको उपचार र मृतकको परिवारलाईसमेत राहत उपलब्ध गराउने बताएका छन्।

**श्रीमतीको शव फेला, श्रीमान् बेपत्ता**

अविरल वर्षासँगै आएको बाढीले बगाउँदा बेपत्ता भएका दम्पतीमध्ये श्रीमतीको शव फेला परेको छ। श्रीमान्को अवस्था अज्ञात रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ। कपिलवस्तुको कोइली खोलाले मंगलबार बिहान खोलाले बगाउँदा उनीहरु बेपत्ता भएका थिए।

जिल्लाको वाणगङ्गा नगरपालिका- ७ बस्ने ३६ वर्षीय दिलकुमार सुनार र उनकी ३१ वर्षीया श्रीमती राममाया सुनालाई खोला तर्ने क्रममा बगाएको थियो। उनीहरुसँगै बगेका १३ वर्षीय छोरा नीरज सुनारलाई भने स्थानीयवासीले उद्धार गरेका थिए। बेपत्ता राममायाको शव एक किलोमिटर तल फेला परेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी नायब उपरीक्षक जेसी शाहले बताए।

**गृहमन्त्रीको निर्देशन**

गृहमन्त्री बालकृष्ण खाँणले मुलुकका विभिन्न स्थानमा गएको बाढीपहिरोले पुऱ्याएको क्षतिबारे जानकारी लिई राहत, उद्धार र व्यवस्थापनमा जुट्न निर्देशन दिए।

गृहमन्त्री खाँणले म्याग्दीको पहिरो, चितवनको भरतपुर महानगरपालिका-२९ केराबारीमा गएको पहिरोले पुऱ्याएको सडक अवरोध र चितवनकै इच्छाकामना गाउँपालिकामा गएको पहिरोबाट भएको क्षति, उद्धार र राहत तथा सडक खुलाउन भइरहेको प्रयासबारे जानकारी लिएका हुन्।

उनले नेपाल प्रहरीका गण्डकी प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक रामदत्त जोशी, म्याग्दीका प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी राना, चितवनका प्रमुख जिल्ला अधिकारी अस्मान तामाङ, म्याग्दीका प्रहरी प्रमुख तिलक भारतीलगायतलाई टेलिफोन गरेर घटनाबारे जानकारी लिई आवश्यक व्यवस्थापनका लागि निर्देशन दिए। उनले विपद् व्यवस्थापनमा समस्या परेमा मन्त्रालयमा खबर गर्नसमेत निर्देशन दिए।

मुग्लिङ-नारायणगढ सडकखण्डकै २० किलो र २१ किलो भन्ने स्थानमा पनि पहिरो गएको उनले बताए। अहिले नारायणगढतर्फबाट जुगेडीमा सवारीसाधन रोकिएको र पहिरोका कारण फसेकालाई सरकारी गाडीबाट चितवनसम्म लैजाने कार्य भइरहेको प्रजिअ तामाङले बताए।

# चोरीका मोटरसाइकलसहित ३ जना पक्राउ

**महोत्तरी/मस–** महोत्तरीमा श्रृंखलावद्ध रुपमा मोटरसाइकल चोरी गर्ने ३ जना पक्राउ परेका छन्। मोटरसाइकल चोरी भएको उजुरीको आधारमा लामो अनुसन्धानपछि इलाका प्रहरी कार्यालय वर्दिवासको टोलीले उक्त समूहलाइ पक्राउ गरेको हो।

पक्राउ पर्नेमा बर्दिबासमा बस्ने सहोदर दाजुभाइ राम एकवाल यादव र रामलक्ष्मण यादव, भंगाहा नगरपालिका घर भएका सुनिल कुमार राम रहेको प्रहरीले जनाएको छ।


१५ साउनको राती वडा न.१४ स्थित सेन्चुरी बैंकको अगाडि पार्किङ्ग गरेर राखेको ज ७ प ४५८६ नम्बरको मोटरसाइकल चोरीभएसँगै इलाका प्रहरी कार्यालय गौरिडाँडाको टोली तिव्र खोजतलासमा लागेको थियो।


अनुसन्धानको क्रममा बर्दिबास-७ बस्ने राम एकवालको घरबाट उक्त नम्बर प्लेटको मोटरसाइकल फेला परेपछि संगठित मोटरसाइकल चोरी गर्नेको रहस्य खुलेको हो।

राम एकवालको घरवाट अन्य चोरी गरेका मोटरसाइकल समेत फेला परेका छन। ज १२ प ८४८६, प्र-०१-००२-प ५५२९ नम्बरको मोटरसाइकल सहित ४ मोटरसाइकल फेला परेको प्रहरी नायव उपरीक्षक रवि रावलले जानकारी दिए।

प्रहरीले अदालतवाट ८ दिनको म्याद थप गरी थप अनुसन्धानलाई अगाडि बढाएको छ। बर्दिबास लगायत जिल्लाका विभिन्न ठाउँबाट चोरी भएका मोटरसाइकलको बिषयमा समेत रहस्य खुल्न सक्ने प्रहरीको अनुमान रहेको छ।

# सुनसहित भारतीय नागरिक पक्राउ





**काठमाडौं/मस–** सुन लुकाएर ल्याउने भारतीय नागरिकलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले पक्राउ गरेको छ। मंगलबार दिउँसो १ बजे काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतीय नागरिक डेभिड मक्करलाई पक्राउ गरेको प्रमुख भन्सार प्रशासक महेश भट्टराईले जानकारी दिए।

थाई स्माइल एयरलाइन्सको उडानमार्फत बैंककबाट काठमाडौं आएका मक्कर भन्सार छलेर सुन ल्याएको आरोपमा पक्राउ परेका हुन्। उनले ल्याएका पाँच वटा हाफ-पाइन्टमा अस्वाभाविक संख्यामा टाँक राखिएको थियो। ती टाँकभित्र स-साना रिङ बनाएर ४२६ ग्राम सुन ल्याएको पाइएको हो।

उनलाई नियन्त्रणमा लिएर भन्सार ऐन बमोजिमको कारबाही शुरू गरिएको प्रमुख भन्सार प्रशासक भट्टराईले बताए।

मक्करले रेडिमेड हाफ-पाइन्टमा धातुले बनेका प्रत्येक टाँकमा दुई वटा सुनका रिङ राखेर ल्याएका थिए। भट्टराईका अनुसार उनीबाट बरामद भएको सुनको बजार मूल्य करिब ३५ लाख रूपैयाँ छ।

मक्करलाई अहिले हिरासतमा राखिएको छ। उनीबाट बरामद भएको सुन जफत, बिगोसहित ३५ लाख जरिवाना र ३ महिनासम्म कैद सजाय हुन सक्ने कार्यालयले जनाएको छ।

# भूकम्पले विद्यालय, प्रहरी चौकीसहित ४ सय ७८ घरमा क्षति

**खोटाङ/मस–** साकेला गाउँपालिका-५ मात्तिमविर्तालाई केन्द्रविन्दु बनाएर आइतबार गएको भूकम्पले हालसम्म जिल्लाभर दुई विद्यालय भवन, एक प्रहरी चौकी र चार सय ७५ घरमा क्षति पुगेको छ। जिल्ला विपद् व्यवस्थापन कार्यालयका अनुसार एक घर पूर्णरूपमा भत्किएको छ भने अन्यमा चर्किएर क्षति भएको जनाइएको छ।

यही साउन १५ गते बिहान ८ बजेर १३ मिनेट जाँदा गएको छ म्याग्निच्युडको भूकम्पले केपिलासगढी गाउँपालिका-५ सप्तेश्वरस्थित थपँडाँडा माविको चारकोठे भवन, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-३ बाम्राङस्थित सुर्केडाँडा माविको चारकोठे भवन तथा केपिलासगढी गाउँपालिका-२ खार्ताम्छामा प्रहरी चौकी भवनमा क्षति भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। हलेसी तुवाचुङ नगरपालिका-५ दुर्छिमस्थित चुमाखुका तेजबहादुर नेपालीको घर पूर्णरूपमा भत्किएको छ।

साकेला गाउँपालिकाका प्रमुख रविप्रकाश राईले भूकम्पको ‘इपिसेन्टर’ साकेलामा हालसम्म चार सय ६४ घरमा क्षति भएको जानकारी दिए। उनका अनुसार बाँझेच्यानडाँडामा एक सय ३४, रतन्छामा ८८, खिदिमामा ५७, मात्तिममा एक सय पाँच र भूम्पकको केन्द्रविन्दु मात्तिमविर्तामा ८० घरमा क्षति भएको हो।

भूकम्पले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको विभिन्न वडामा छ घर, हलेसी तुवाचुङ नगरपालिकाको महादेवस्थान र सल्लेमा एक-एक घर, खोटेहाङ गाउँपालिकामा दुई र रावाबेंसी गाउँपालिकामा एक घरमा क्षति भएको विपद् व्यवस्थापन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईंले जानकारी दिए। ‘स्थानीय तहहरूले भूकम्पसँगै बाढी र पहिराको समेत क्षतिको विवरण टिपाउने क्रम जारी छ’, उनले भने, ‘जिल्लाका १० वटै स्थानीय तहलाई भूकम्पको क्षतिको वितरणचाहिँ तीन दिनभित्र दिन आग्रह गरिएको छ। जिल्लामा भारी वर्षा भइरहेकाले यकिन विवरण आउन समय लाग्ने देखिएको छ।’ विसं २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्प पछाडिको यो नेपालमा हालसम्मकै शक्तिशाली भूकम्प भएको राष्ट्रिय भूकम्प मापन केन्द्रले जनाएको छ। जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारसँग सिमाना जोडिएको साकेला गाउँपालिकामा भूकम्पको केन्द्र भएपछि जिल्लावासी त्रसित बनेका छन्।



भूकम्पले जिल्लामा अहिलेसम्म मानवीय क्षति नभए पनि पराकम्प जाने क्रम जारी रहेकाले सतर्कता अपनाउन सार्वजनिक सूचना जारी गरेर जिल्लावासीलाई आग्रह गरिएको प्रजिअ सेढाईंले बताए। ‘जिल्लामा अहिले पनि भूकम्पको पराकम्प जाने क्रम जारी छ’, उनले भने, ‘कतैबाट सूचना प्राप्त हुनासाथ परिचालित हुने गरी नेपाली सेना, प्रहरी र विपद् व्यवस्थापनको टोली तयारी अवस्थामा राखिएको छ।’ हलेसी तुवाचुङ नगरपालिकाले भूकम्पको क्षति मूल्याङ्कनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई पत्राचार गरेको छ। भूकम्प गएलगत्तै नगरपालिकाले ‘इन्टग्रेटेड डिजास्टर भल्नेरेबिलिटी एसेसमेन्ट’का लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालयलाई पत्राचार गरिएको नगरप्रमुख विमला राईले जानकारी दिइन्।

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०४/१८**

**एलियन ग्रुप प्रा.लि**को मिति २०७८/०५/२७ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मिरर ओभरसिज प्रा.लि. (प्रा.लि. नं.: १७६२६६)** कायम गर्ने गरी मिति २०७९/०४/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यस **मिरर ओभरसिज प्रा.लि.**को मिति २०७९/०४/१४ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम यस प्रा.लि.ले आफ्नो साविकको ठेगाना परिवर्तन गरी **का.म.न.पा.–३, काठमाडौं, बागमती** कायम गर्ने गरी मिति २०७९/०४/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## जापानमा वैदेशिक रोजगारको अवसर

**१. कम्पनी : DAISUKI COOPERATIVE** — **शहर : JAPAN, OSAKA**
पूर्व स्वीकृत मितिः २०७९/०४/१७ — चलानी नं.: ६०१८४४२८ — LT. No.: 268609

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction | 3 | 0 | स. काममा दक्ष | 166000 | १५८,५३० | क.नि. अनुसार | ७ घण्टा ५० मिनेट | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**२. कम्पनी : DAISUKI COOPERATIVE** — **शहर : JAPAN, OSAKA**
पूर्व स्वीकृत मितिः २०७९/०४/१७ — चलानी नं.: ६०१८४४२९ — LT. No.: 268611

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction | 3 | 0 | स. काममा दक्ष | 180000 | १७१,९०० | क.नि. अनुसार | ७ घण्टा ५० मिनेट | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**३. कम्पनी : DAISUKI COOPERATIVE** — **शहर : JAPAN, OSAKA**
पूर्व स्वीकृत मितिः २०७९/०४/१७ — चलानी नं.: ६०१८४४३१ — LT. No.: 268614

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction | 3 | 0 | स. काममा दक्ष | 166000 | १५८,५३० | क.नि. अनुसार | ७ घण्टा ५० मिनेट | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**४. कम्पनी : DAISUKI COOPERATIVE** — **शहर : JAPAN, OSAKA**
पूर्व स्वीकृत मितिः २०७९/०४/१७ — चलानी नं.: ६०१८४४३० — LT. No.: 268612

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction | 3 | 0 | स. काममा दक्ष | 166000 | १५८,५३० | क.नि. अनुसार | ७ घण्टा ५० मिनेट | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**५. कम्पनी : DAISUKI COOPERATIVE** — **शहर : JAPAN, OSAKA**
पूर्व स्वीकृत मितिः २०७९/०४/१७ — चलानी नं.: ६०१८४४२७ — LT. No.: 268613

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry Farming | 0 | 2 | स. काममा दक्ष | 179800 | १७१,७०९ | क.नि. अनुसार | ७ घण्टा ५० मिनेट | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २५ गते (10 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २८ वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्वन्धि कामको निम्ति सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।
१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र
२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च : निःशुल्क
३) प्रशिक्षार्थी छनौट मिति र स्थान अन्तर्वार्ताः मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २५ गते (10 August 2022) मा हुनेछ।
नोट : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्।
५) अनिवार्य रुपमा विमा गराउनुहोस्।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोटः जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ।**

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ६८८/०६३/०६४
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, काठमाडौं। फोनः ०१ ४३७९०९१
Email: ayushintl007@gmail.com

# बढ्दो बैंकिङ कसुर, धमाधम पक्राउ पर्दै प्रतिवादी

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, १७ साउन

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी भक्तपुर मध्यपुर ठिमी नगरपालिका-३ गट्टाघर बस्ने काभ्रेपलाञ्चोक रोशी गाउँपालिका-१ घर भएका ४२ वर्षीय गोर्खमान तामाङलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गऱ्यो ।



उच्च अदालत पाटनको २०७७ माघ १९ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा ३ दिन कैद, नगद ६ लाख रुपैयाँ जरिवाना र नगद २४ हजार रुपैयाँ क्षतिपुर्ती शुल्क भराउने सजाय भई फरार भएका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान शाखा जावलाखेल ललितपुरबाट खटिएको प्रहरीले भक्तपुर मध्यपुर ठिमी नगरपालिका-३ गट्टाघरबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत लगनखेल पठाइएको छ ।

यस्तै बैंकिङ कसूर मुद्दामा फरार प्रतिवादी काठमाडौं महानगरपालिका-१० पुरानो बानेश्वर बस्ने खोटाङ दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-३ घर भएकी ३५ वर्षीया माया बस्नेत थापालाई सोमबार राति नै प्रहरीले पक्राउ गऱ्यो ।

९० लाख रुपैयाँ बिगो रहेको बैंकिङ कसूर मुद्दामा उच्च अदालत पटान ललितपुरबाट पक्राउ अनुमती जारी भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले ललितपुर, ललितपुर महानगरपालिका-१६ बङ्गलामुखीबाट पक्राउ गरेको हो ।

साथै थापाले विभिन्न व्यक्तिहरूलाई वैदेशिक रोजगारीमा पठाईदिन्छु भनी ठगी गरेको सम्बन्धमा वैदेशिक रोजगार विभागमा उजुरी परी पक्राउ पूर्जी समेत जारी भएको खुल्न आएको छ । उनलाई आवश्यक कारवाही तथा अनुसन्धानको लागि प्रहरी वृत्त बालाजु पठाइएको प्रहरीले जनाएको छ । यी त बैंकिङ कसुर घटनाका केहि प्रतिनिधि घटना मात्रै हुन् । तर पछिल्लो समय बैंकिङ कसुर मुद्दाका घटनामा दिनहुँ जस्तो प्रतिवादीहरु पक्राउ पर्न थालेका छन् ।

नेपालमा पछिल्लो समय बैंकिङ कसुरका घटना बढ्दै गएको पाइएको छ । नेपाल प्रहरीको तथ्यांक अनुसार गएको आर्थिक वर्ष २०७८/७९ मा बैंकिङ कसुरसम्बन्धी पाँच हजार तीन सय ८३ मुद्दा दर्ता भएका छन् । आव २०७६/७७ मा ३ हजार ३०९ ओटा यस्तो मुद्दा दर्ता हुँदा गत आव २०७७/७८ मा २ हजार ३७३ ओटा मुद्दा दर्ता भएको देखिन्छ ।

केन्द्रीय अनुसन्धान व्यूरो (सीआईवी) का प्रवक्ता एवं सूचना अधिकारी श्याम कुमार पछिल्लो समय बैंकिङ कसुरका घटना बढ्दै गएको बताउँछन् । उनी भन्छन्, 'चेक बाउन्सका कारण पनि बैंकिङ कसुरका घटना बढ्दै गएको छ ।'

# गाईजात्रा भव्यरूपमा मनाउन नगरपालिकाको आह्वान



**भक्तपुर/मस-** कोरोना संक्रमणका कारण विगत दुई वर्ष औपचारिकतामा मात्रै सीमित भएको गाईजात्रा पर्व यस वर्ष भक्तपुरमा भव्यरूपमा मनाइने भएको छ ।

यही साउन २७ गते शुक्रबार पर्ने गाईजात्रा पर्व भव्यरूपमा मनाउन भक्तपुर नगरपालिकाले समेत सर्वसाधारणलाई आह्वान गर्दै गाईजात्रा प्रदक्षिणा मार्गलाई खाली गर्न सम्बन्धित निकायलाई निर्देशनसमेत दिएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०७९ सालको गाईजात्रा (सापारु) पर्वलाई व्यवस्थित र मर्यादितरूपमा सम्पन्न गर्न गाईजात्रा प्रदक्षिणा मार्गमा रहेका विद्युत्, टेलिफोन, इन्टरनेट र केबुल नेटवर्कका तार व्यवस्थित गर्ने सम्बन्धित सबै निकायलाई आग्रह गरेका छन् ।

प्रसिद्ध गाईजात्रा (सापारु) पर्वलाई व्यवस्थित र मर्यादितरूपमा सञ्चालन गर्न सरोकारवाला सबै पक्षबाट आ-आफ्नो भूमिका निर्वाह गर्न, गाईजात्रा प्रदक्षिणा मार्ग र महत्वपूर्ण चोक तथा सडकमा अस्तव्यस्त रूपमा राखिएका बिजुली, टेलिफोन तथा इन्टरनेट र केबुल नेटवर्कका तार यही २०७९ साउन २० गतेभित्र सम्बन्धित पक्षले आ-आफ्ना तार व्यवस्थापन गर्न सरोकारवाला निकायलाई आग्रह गरे । नगर प्रमुख प्रजापतिले नगरपालिकाले सम्बन्धित निकायका प्रमुखलाई नगरपालिकामा छलफल गरी साउन २० गतेभित्र सबै तार व्यवस्थापन गर्ने निर्णय नै गरेको बताउँदै रवीन्द्र ज्याख्वको संयोजकत्वमा तारको व्यवस्थापनमा आवश्यक समन्वय तथा अनुगमन गर्ने गरी सात सदस्यीय समिति गठन गरिएको जानकारी दिए ।

गाईजात्रा प्रदक्षिणा मार्गमा अस्तव्यस्त राखिएका तार साउन २० गतेपछि व्यवस्थित नगरिए नगरपालिकाले नै त्यस्ता तार हटाउने र त्यस क्रममा हुने खर्च तथा जरिवाना सम्बन्धित पक्षबाट असुलउपर गर्ने उनले बताए ।

गाईजात्रा अवधिभर विद्यत् आपूर्ति बन्द नगर्न नेपाल विद्युत् प्राधिकरणलाई आग्रह गरेको र गाईजात्रा पर्वमा प्रदर्शन गरिने घिन्ताङघिसी नाच तथा सांस्कृतिक प्रदर्शनी देश-विदेशका सबै नागरिकले सहज ढङ्गबाट अवलोकन गर्न पाउने सुविधाका लागि टेलिभिजन, सामाजिक सञ्जालमार्फत प्रत्यक्ष प्रसारणको व्यवस्था गर्न नगरपालिकाले आह्वान गरेको छ ।

# हात्ती छेक्न सीमावर्ती विद्युतीय तारबार मर्मत गरिने

**झापा/मस-** भारतबाट प्रवेश गर्ने जङ्गली हात्तीको हन्जा रोक्न झापाको सीमावर्ती बाहुनडाँगीमा लगाइएको विद्युतीय घेराबारा (सोलार फेन्सिङ) मर्मतसम्भार गरिने भएको छ ।



नगरपालिकाले विद्युतीय घेराबाराको मर्मत र सुरक्षाका लागि परिचालित कर्मचारीको पारिश्रमिकका लागि रु ३० लाख बजेट छुट्याएपछि हात्तीको उपद्रो रोकिने आशा पलाएको हो । आर्थिक वर्ष २०७९/०८० का लागि वार्षिक नगर विकास योजनामै पालिकाले रु २० लाख विद्युतीय घेराबारा मर्मतसम्भारका लागि र कर्मचारीको पारिश्रमिकका लागि रु १० लाख बजेट विनियोजन गरेको छ ।

विसं २०७२ मा बाहुनडाँगीको तिरिङदेखि नकलबन्दासम्म १८ किलोमिटर विद्युतीय तारबार निर्माण भएको थियो । विद्युतीय तारबारले हात्तीको प्रवेश रोक्न सफलता मिले तापनि एक वर्षयता तारबार जीर्ण भएकाले हात्ती नेपालतिर प्रवेश गर्ने क्रम पुनः सुरु भएको छ । तारबार भत्किएपछि भारतबाट दिनहुँ सयको सङ्ख्यामा हुल बाँधेर जङ्गली हात्ती चरनका लागि नेपाल आउने गरेका छन् । सात वर्षपछि बल्झिएको समस्याले हात्ती प्रभावित झापाका अधिकांश पालिकामा त्रासको स्थिति छ ।

हात्तीको उपद्रोबाट सबैभन्दा बढी मेचीनगरकै वडा नं १, २, ३ र ४ का बासिन्दा प्रताडित छन् । हात्तीको आक्रमणमा परी मानवीय क्षति हुन थालेको छ भने धान, मकै, तरकारीलगायतका बाली खाएर र कुल्चिएर सखाप पारेको छ । पालिकाले विपद् व्यवस्थापन शीर्षकमा छुट्याएको रु ७५ लाख बजेटमध्येबाट रु ३० लाख रकम हात्ती रोक्नका लागि छुट्याएको हो । एक दशकअघि प्रकृति संरक्षण कोषले बाहुनडाँगीको मानव हात्ती द्वन्द्व व्यवस्थापन तथा वातावरण संरक्षण मञ्चमार्फत तत्कालीन समयमा विद्युतीय तारबारको मर्मतसम्भार र कर्मचारीका लागि भनेर रु ३० लाखको अक्षयकोषसमेत स्थापना गरिदिएको थियो । उक्त कोषको ब्याजले खर्च धान्न छाडेको अवस्था छ ।

अक्षयकोषको ब्याजबाट आउने सानो रकमले विद्युतीय घेराबारा मर्मत गर्न कठिन देखिएपछि नगरले बजेट छुट्याएको जनाइएको छ । नगरले विशेष महत्व दिएर विद्युतीय घेराबारा मर्मतका लागि बजेट नै छुट्याएपछि बाहुनडाँगीवासी हर्षित छन् । नगरले चालु आर्थिक वर्षका लागि रु एक अर्ब ४८ करोड ४३ लाख ६६ हजार ४५८ को बजेट पारित गरेको छ । नगरले प्रशासनिक खर्चबापत रु २१ करोड ६० लाख ५० हजार, सार्वजनिक सेवा तथा क्षमता विकास शीर्षकमा रु ९० लाख, सामाजिक विकास अन्तर्गत रु ११ करोड १३ लाख ४४ हजार ७२२, आर्थिक विकासमा रु दुई करोड ५२ लाख, वन वातावरण तथा विपद्मा रु एक करोड ९७ लाख, विधेयक निर्माणमा रु ४२ लाख ३० हजार, पूर्वाधार विकासमा रु १३ करोड पाँच लाख, वडागत बजेट रु १५ करोड, समपूरक कोष रु पाँच करोड, सङ्घीय सःशर्त चालु तथा पूँजीगतमा रु ५१ करोड ४८ लाख ८० हजार नौ सय ४२, प्रदेश सःशर्त चालु तथा पूँजीगतमा रु एक करोड ११ लाख २३ हजार, अघिल्लो सालका योजनाका लागि रु २४ करोड १७ लाख ३७ हजार सात सय ९४ र वित्तीय व्यवस्थापनमा रु छ लाखको बजेट विनियोजन गरिएको नगरप्रमुख बुढाथोकीले जानकारी दिए ।

# सर्वोच्चद्वारा रिट दरपीठ

काठमाडौं/मस-सर्वोच्च अदालतले अर्थमन्त्री जनार्दन शर्मामाथि उच्चस्तरीय छानबिन गर्न माग गर्दै ल्याएको रिट निवेदनलाई दरपीठ गरेको छ ।




सर्वोच्च अदालत प्रशासनले उपभोक्ता हित संरक्षण मञ्चले अर्थमन्त्री शर्माले बजेट निर्माण प्रक्रियामा अनधिकृत व्यक्ति प्रवेश गराएको हुनाले उच्चस्तरीय छानबिन हुनुपर्ने माग गरिएको रिट निवेदनलाई दरपीठ गरेको हो । सर्वोच्च अदालतका कामु रजिष्टार नारायणप्रसाद पन्थीले प्रक्रिया पूरा नगरी रिट निवेदन ल्याएको हुनाले दरपीठ गर्नपरेको जानकारी दिए ।

# दोलखाबाट ८० हजार किलोभन्दा बढी जडीबुटी निकासी



**चरीकोट/मस-** गत आर्थिक वर्ष २०७८/०७९ मा दोलखा जिल्लाबाट ८० हजार किलोभन्दा बढी विभिन्न प्रजातिका जडीबुटी निकासी भएको छ ।

गत आवमा जिल्लाको सामुदायिक वन र निजी वन क्षेत्रबाट ८० हजार सात सय ४४ किलो विभिन्न प्रजातिका जडीबुटी निकासी भएको डिभिजन वन कार्यालय दोलखाका वन अधिकृत थिरबहादुर कार्कीले बताए । हिमाली जिल्ला दोलखामा मजितो, चिराइतो, लोक्ता, धसिङ्गरेजस्ता विभिन्न प्रजातिका जडीबुटी संकलन गरी निकासी गर्ने गर्दछ । वन कार्यालय प्रमुख कार्कीका अनुसार एक वर्षको अवधिमा सामुदायिक वनबाट ११ हजार दुई सय ३७ किलो र निजी वनबाट ६९ हजार पाँच सय सात किलो जडीबुटी संकलन गरी जिल्ला बाहिर निकासी गरिएको हो ।

डिभिजन वन कार्यालयको तथ्याङ्कअनुसार एक वर्षको अवधिमा सामुदायिक वनबाट मझिठो दुई हजार एक सय ५३ किलो, अर्गेली चार हजार चार सय ९५ किलो, लोक्ता तीन हजार दुई सय ४२ किलो र चिराइतो एक हजार तीन सय ४७ किलो निकासी भएको छ ।

त्यस्तै निजी वनबाट चुत्रो ४० हजार पाँच सय ७४ किलो, मझिठो पाँच हजार नौ सय ११ किलो, अर्गेली नौ हजार नौ सय ८५ किलो, लोक्ता दुई हजार किलो, धसिङ्गरे नौ हजार तीन सय ७५ किलो, चिराइतो छ सय १३ किलो र उनिउ एक हजार ४९ किलो निकासी भएको कार्यालयको तथ्यांक रहेको छ ।

जिल्लामा संकलित यी विभिन्न प्रजातिका जडीबुटी औषधिका लागि नेपालका विभिन्न ठाउँमा निकासी हुने गरेको डिभिजन वन कार्यालय दोलखाले जनाएको छ । जिल्लामा तीन सय ८१ वटा सामुदायिक वन, एक सय ६४ कबुलियती वन र दुई वटा धार्मिक वन रहेका छन् । सामुदायिक वन २८ हजार आठ सय ९७ हेक्टर, कबुलियती वन ८३ हजार तीन सय ४४ हेक्टर र धार्मिक वन छ सय २१ हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

# नापतौलको गुणस्तर व्यवस्थापनका लागि विधेयक



**काठमाडौं/मस-** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले स्ट्यान्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयकले विश्वबजारमा जाने नेपाली सामानलाई प्रमाणीकरण गरी विश्वसनीयता बढाउन टेवा दिने बताएका छन् ।

प्रतिनिधिसभाको बैठकमा राष्ट्रियसभाबाट सन्देशसहित प्राप्त 'स्ट्यान्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७८ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको छलफलमा उठेका विषयमा जवाफ दिँदै मन्त्री बडूले नापतौलका क्षेत्रमा मुलुकमा समरूपता परीक्षण, निरीक्षण र गुणस्तरीयताका लागि विधेयक आवश्यक भएको बताए । उनले नापतौलको गुणस्तर व्यवस्थापन, अन्तर्राष्ट्रियस्तरको वैज्ञानिक पद्धति र आधुनिक प्रविधिको उपयोग गर्नेगरी विधेयक ल्याइएको बताए ।

बैठकले सो विधेयकलाई विचार गरियोस् भन्ने प्रस्ताव पारित गरेको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही साउन २२ गते आइतबार बिहान ११ बजे बस्नेछ ।

# नेपाली सेनाद्वारा उद्धार



**रसुवा/मस-** रसुवामा गोसाइँकुण्ड जाने धार्मिक मार्गमा बिरामी परेकी एक महिलालाई नेपाली सेनाले उद्धार गरी मंगलबार जिल्ला अस्पताल धुन्चे पुऱ्याएको छ ।

लाङ्टाङ् राष्ट्रिय निकुञ्जको सुरक्षामा तैनाथ नेपाली सेनाको विष्णुदल गणले रसुवाको नौकुण्ड गाउँपालिका-१ आरूखर्कको २२ वर्षीय माया गुरूङलाई बोकेर उद्धार गरेको हो । उच्च ज्वरो तथा पिसाबको समस्याबाट पीडित गुरूङलाई सेनाको चन्दनबारी सुरक्षा पोष्टमा तैनाथ जवानले स्टेचरमा बोकेर मध्याह्न धुञ्चेस्थित जिल्ला अस्पताल पुऱ्याएका थिए ।

जिल्ला अस्पतालका चिकित्सक डा.निवेश लागेजुका अनुसार गुरुङको स्वास्थ्य अवस्थामा सुधार भइरहेको छ ।

# त्रिभुवन राजपथबाट रात्रि सेवाको बस सञ्चालनमा रोक

**मकवानपुर/मस-** लगातार परेको वर्षासँगै आएको पहिराका कारण चितवन-मुग्लिन सडकखण्ड अवरुद्ध भएपछि पूर्वबाट काठमाडौंतर्फ जाने रात्रि सेवाको बसलाई त्रिभुवन राजपथबाट काठमाडौंतर्फ जान अनुमति नदिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

राजपथको मोड साँघुरो भएका कारण यात्रुको सुरक्षालाई मध्यनजर गर्दै मुग्लिन सडक सञ्चालनमा नआएसम्म हेटौंडामा नै प्रतिक्षा लाममा राख्ने व्यवस्था मिलाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

उनले पूर्व र पश्चिमबाट दिवा सेवामा आएका बसलाई आवश्यकता हेरी करिब ३५ बस त्रिभुवन राजपथ हुँदै काठमाडौंतर्फ जान अनुमति दिएको बताए । प्रवक्ता कार्कीले धादिङको नौबिसेको प्रहरीले काठमाडौंबाट आइतबार बिहान पूर्व र पश्चिमतर्फ जान छुटेका बसलाई त्रिभुवन राजपथबाट यातायात सञ्चालनमा आउन निषेध गरिएको र काठमाडौंबाट आएको मिनी ट्रक, ट्रक, पालुङबाट हेटौंडा आउने सवारी साधनलाई मात्रै सञ्चालन ल्याउन अनुमति दिएको बताए ।

# लुटपाटमा संलग्न दुई भारतीय पक्राउ

**कञ्चनपुर/मस-** भीमदत्त नगरपालिका-३ सुभप्रभात टोलका सन्तोष पाण्डेयको घरका पाँच जनालाई 'बर्थ डे केक'मा नशालु पदार्थ मिसाइ बेहोस बनाइ लुटपाट गर्ने कार्यमा संलग्न दुई भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक चक्रबहादुर शाहका अनुसार पक्राउ पर्नेमा सन्नी भनिने सेरा जाट र साहिल शर्मा छन् । विसं २०७८ माघ २१ गते पाण्डेयको घरमा कोठा भाडामा लिएर बस्दै आएका दुवै जनाले आफ्नो 'बर्थ डे' भएको जनाउँदै पाण्डेय परिवारलाई केकमा नशालु पदार्थ मिसाइ खान दिएका थिए । केक खाएपछि परिवारका सबै जना बेहोस भएपछि उनीहरूले गरगहना, मोबाइल सेट, ल्यापटपलगायतका सामग्री लुटेर फरार भएका थिए ।

'लुटपाटपछि दुवै फरार रहेका थिए', प्रहरी नायब उपरीक्षक शाहले भने, 'दुवै डाँका चोरी मुद्दामा कारागार कार्यालय धनगढी, कैलालीमा थुनामा रहेको जानकारी पाइएपछि जिल्ला अदालत कैलालीको आदेशले कार्यालयमा ल्याई आवश्यक अनुसन्धान गरिरहेका छौं ।' सोमबार लुटपाटमा संलग्न उनीहरुलाई जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा ल्याइएको बताइएको छ ।

**साउदीमा रोजगार | कम्पनी: NASSER SULAIMAN AL NASSER CONTRACTING EST**
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०५/२१ चलानी नं.: ६०१६२४९७ LT. No.: 245055 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Driver Pan Roads Mechanisms | 1 | 0 | स. काममा दक्ष | 2500 | ८३,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २५ गते (10 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AL SASHA OVERSEAS PVT. LTD.
**Al Sasha Overseas Pvt. Ltd.** Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 01-4592240, 4592241

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: **Thoraya Awad Odeh Al Thebyani Foundation for Operation and Maintenance** शहर: Saudi

पुर्व स्वीकृत मितिः २०७९/०४/१४ चलानी नं.: ६०१८४४४१ LT. No.: 268143

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | General Vehicle Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६०,४६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २५ गते (10 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**United World Manpower Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com
श्रम इजाजत नं. १२२०/०७४/७५

मध्यान्ह
www.madhyanhadaily.com
१८ साउन २०७९, बुधबार
3 August 2022, Wednesday

## सम्पादकीय

## नछोपिएको राष्ट्रिय लज्जा

द्वन्द्वकालमा पीडित बनेका सुरक्षाकर्मीको परिवारले राजधानी काठमाडौंमा धर्ना दिएका छन् । मंगलबार अन्यायमा परेका सुरक्षाकर्मीका परिवारले न्याय नपाएको भन्दै धर्ना दिएका हुन् । बेपत्ता पारिएका व्यक्तिको छानबीन, सत्य निरूपण तथा मेलमिलाप ऐन–२०७१ लाई संशोधन गर्न बनेको विधेयकमा घाइते सुरक्षाकर्मीको माग पनि समावेश गराउनुपर्ने लगायत माग उनीहरूले राखेका छन् । विधेयकले घाइते सुरक्षाकर्मी र उनका परिवारलाई कुनै सम्बोधन नगरेको गुनासो सहित धर्ना दिएका छन् । द्वन्द्वपीडित सुरक्षाकर्मी जस्तै बेपत्ता, शहीद र अपाङ्गता भएका परिवारले पनि बेलाबेला धर्ना तथा प्रदर्शन गर्दै आएका छन् । द्वन्द्वकालमा बिस्थापित भएकाहरूको पुनर्स्थापनाको एजेण्डा अझै सकिएको छैन । तर न्याय दिलाउन भने सरकारले उदेकलाग्दो विलम्ब गर्दै आएका छन् । आन्दोलनकर्ता माओवादी, पीडित अन्य दल, सेना प्रहरी र सर्वसाधरणले फरक–फरक पीडा पोख्ने गरेका छन् ।

तर सरकारले भने न्याय दिलाउने कार्यलाई अगाडि बढाएको छैन । माओवादी शान्ति प्रक्रियामा आएको डेढ दशक भइसक्दा पनि न्याय निरूपण कार्य टुंगिन नसक्दा यस्ता समस्या देखिने गरेको हो । यो अवधिमा माओवादीले नै तीन पटक सरकारको नेतृत्व गरिसकेको छ । ०६३ सालको अन्तरिम सरकारमै सहभागी भएको माओवादीबाट पुष्पकमल दाहाल प्रचण्ड र बाबुराम भट्टराईले सरकारको नेतृत्व गरे । प्रचण्डले ०६५ र ०७३ सालमा सरकारको नेतृत्व गरे भने भट्टराईले ०६८ सालमा सरकारको नेतृत्व गरेका थिए । त्यसबाहेक गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, झलनाथ खनाल, सुशील कोइराला, खिलराज रेग्मी, केपी शर्मा ओली र शेरबहादुर देउवा नेतृत्वमा यो अवधिमा सरकार बन्यो ।

यति धेरै सरकार परिवर्तन भइसकेको र ०७२ मा संविधान जारी भएको पनि सात वर्ष भइसकेको छ । तर सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका परिवारको छानबीन कार्य टुंगोमा पुग्ने सकेको छैन । त्यसको मूल कारण भने न्याय दिलाउने कार्यमै राजनीतिकरण हुनु हो । हरेक सरकारको प्राथमिकतामा न्याय निरूपण हुन नछोड्ने र निष्कर्षमा पनि नपुग्ने प्रवृत्तिले निरन्तरता पाउँदै आएको छ । यो पीडितमाथि अन्याय मात्रै नभएर राष्ट्रिय लज्जाको विषय समेत हो । किनकि न्यायका निम्ति नागरिकले यति लामो संघर्ष गर्नपर्ने मुलुकको अन्तर्राष्ट्रिय छबी राम्रो हुन सक्दैन । यसतर्फ राजनीतिक नेतृत्वले गम्भीर भएर सोच्न जरूरी छ ।

# बाह्य हस्तक्षेप रोक्न राष्ट्रवादीबीच एकता

*आज नेपालको राजनीतिमा बाह्य हस्तक्षेप सिधा-सिधा रूपमा प्रकट भएको छ । यस्तो अवस्थामा सम्पूर्ण देशभक्त र क्रान्तिकारी शक्तिहरू एकाकार हुनुको विकल्प छैन । देशभक्त र क्रान्तिकारी शक्तिको मुख्य कार्यभार आगामी निर्वाचनमा इन्डो–पश्चिमा शक्तिलाई हराउनु हुनेछ ।*

अग्रलेख



● डा. केशव देवकोटा



